# नगराईन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## नगराईन,धनुषा

# तेस्रो नगर सभाबाट पारित भएका आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम

# नगराईन नगरपालिकाको तेस्रो नगर सभाको समुदघाटन समारोहमा नगर प्रमुख श्री परमेश्वर यादवज्युद्वारा प्रस्तुत आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम

नगर उप-प्रमुखज्यू,
प्रमुख प्रशासकीय अधिकृतज्यु,
नगरपालिका वडा अध्यक्षज्यू एवं नगर कार्यपालिका तथा नगरसभाका सदस्यज्यूहरु,
राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,

१. नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ,प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानुन वमोजिम गर्ने व्यवस्था गरेको छ | संघ,प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, निर्णय गर्ने,नीति तथा योजना बनाउने, वार्षिक बजेट तथा कार्यक्रम बनाउने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ |

२. जनताका आधारभूत सेवा सुविधा जनताको सबैभन्दा नजिकको निकायहरुबाट प्रवाह गर्दा नै बढी प्रभावकारी हुन भन्ने विकेन्द्रिकरणको सन्निकटताको सिध्दान्त (principle of subsidiarity) को परिष्कृत रुप संघीय शासन व्यवस्था हो, जसलाई हामी सरल भाषामा बस्ती र घरघरमा सिंहदरबार पुरयाउने अभियानका रुपमा लिएका छौं | सोहि अनुरुप आज हामी दीर्घकालीन सोंच र लक्ष्यका साथ आगामी आर्थिक वर्ष २०७६/७७ मा नगराईन नगरपालिकाले लिनुपर्ने नीति, कार्यक्रम र बजेटको तयारी गरी सम्वृद्धिको खाका कोर्ने अवसरमा पनि जुटिरहेका छौं |

३. स्थानीय सरकारको सम्वृद्धि समग्र नेपालको सम्बृद्धिसंग जोडिएको छ। नगराईन नगरपालिकाको यो नीति तथा कार्यक्रम नेपालको संबिधान, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको पन्ध्रौ आवधिक योजना(आ.व.२०७६/७७-२०८०/८१) तथा दीर्घकालीन क्षेत्रगत नीतिहरु र दिगो विकास लक्ष्य लगायत नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्ता साथै प्रदेश सरकारले आगामी आर्थिक वर्षको लागि ल्याएको नीति तथा कार्यक्रमहरुलाई ध्यानमा राखी समष्टिगत र विषयगत क्षेत्रका निर्दिष्ट लक्ष्य हासिल गर्ने उदेश्य लिई आगामी आ.व. २०७६/७७ को नीति तथा कार्यक्रमहरु नगराईन नगरपालिकाद्वारा तयार गरिएको छ।

४. संघीय र प्रदेश सरकारवाट आगामी दिनमा प्राप्त हुने राजस्व हस्तान्तरन तथा विभिन्न अनुदान रकमको बाडफाड मानव विकास सूचकांक, जनघनत्व तथा आर्थिक र सामाजिक विकासका विविध परिसूचकहरुको आधारमा हुनुपर्ने र स्थानीय आकांक्षाहरुलाई परिपूर्ण गर्ने विभिन्न परियोजनालाई कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारको भएकोले संघीय र प्रदेश सरकारले त्यसमा सहयोगीको भूमिका खेल्ने विश्वास लिईएको छ।

५. स्थानीय सरकार नेपाली जनताको त्याग, बलिदान र लामो संघर्षको उपलब्धि हो | विभिन्न आन्दोलन , निरन्तर संघर्ष र मधेशी जनताको बलिदानको फलस्वरूप प्राप्त ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहका अधिकारहरुलाई अभ्यास गर्ने अभियान अघि बढिरहेको यस अवसरमा म लोकतान्त्रिक गणतन्त्र प्राप्तिका विभिन्नसंघर्ष एवं मधेश आन्दोलनका क्रममा आफ्नो अमूल्य

जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, यस अवसरमा विभिन्न आन्दोलनका क्रममा घाइते र वेपत्ता नागरिकप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

६. संघीय व्यवस्थामा वर्षौं देखि थिचिएर रहेका जनताको आफ्ना आकांक्षाहरु स्थानीय सरकारवाट पुरा हुने आपेक्षा गर्नु स्वभाविकै हो। जनताको यस्ता आकांक्षाहरु पुरा गर्न र नगरको समग्र विकास गर्न यो सरकार अत्यन्त सम्बेदनशील छ र आतुर पनि छ। तर कर्मचारीको अभाव , संघीय सरकारवाट अपेक्षा गरीए अनुसारको सहकार्यको अभाव, स्थानीय सरकार संचालनको नयाँ अनुभव, नीतिगत कमजोरी , कानुनको कमि, संस्थागत एवं व्यबस्थापकीय प्रबन्धहरू पूर्ण रुपेन हुन् नसकेकोले विकास निर्माण र परिवर्तनका अनुभूति हुने गरि आर्थिक वर्ष २०७५/७६ का कार्यक्रमहरु जनअपेक्षा अनुरुप हुन् सकेन।

७. संघियता कार्यान्यिवन, आर्थिक रुपान्तरण र समाजिक रुपान्तरण यो नीति तथा कार्यक्रमको महत्वपूर्ण आधारस्तम्भ हुन। यहि आधार स्तम्भका आधारमा यो स्थानीय सरकारद्वारा विकासका कार्यक्रमहरु निर्धारण गरिनेछ।

८. यस सन्दर्भमा नगराईन नगरपालिकाको आगामी आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भैरहेको छ।

प्रमुखआतिथिज्यू ,

अब म आगामी आ. ब. २०७६/७७ को समग्र नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

९. " समृद्ध नेपाल,सुखी नेपाली "भन्ने संघीय सरकारको दिर्घकालिन उद्देश्यलाई सार्थक पार्न **"हाम्रो प्रतिवध्दता हाम्रो रहर,सुन्दर र समृध्द नगराईन नगर"** भन्ने दिर्घकालिन सोंच तय गरिएको छ। उक्त दीर्घकालीन सोंचलाई सफलीभूत पार्न सामाजिक न्याय सहितको विकासलाई आत्मसात् गर्दै नगराईनलाई देशकै एक नमूना र आधारभूत सुविधा सम्पन्न नगर(Village Town) को रुपमा स्थापित गर्ने लक्ष्यलाई समेत प्रस्ताव गरिएको छ।

१०. यस नगरको मुख्य आर्थिक स्रोत कृषि नै हो। कृषिलाई आधुनिकीकरण र प्रविधिमैत्री नगरी यस नगरको उन्नति असम्भव रहेकोले कृषिमा संरचनागत परिवर्तन गरि यस नगरको सामाजिक तथा आर्थिक रुपान्तरण गर्ने लक्ष्य लिई यस नगरलाई कृषिको क्षेत्रमा आत्म निर्भर बनाउने नीति सरकरले लिएको छ।

११. नगराईन नगरपालिकाका गौरबका आयोजनाका रुपमा लिइएका अकौरा ठाकुर पोखरीको सौन्दर्यीकरणको बिस्तृत परियोजना प्रतिवेदन(Detailed project Report) तयार गरी निर्माण कार्य अघि बढाइनेछ।

१२. यस आर्थिक वर्ष भित्र नगराईन नगरपालिकाको नगर विकास गुरु योजना तयार गरि नगर विकास गुरुयोजनासँग आवद्ध हुने गरी नगर यातायात गुरुयोजना निर्माण गरी क्रमश : कार्यान्वयन गरिनेछ।

१३. रणनैतिक महत्वका आयोजनाहरुको पुर्व संभाव्यता अध्ययन सहित डीपीआर तयार पारी संघीय र प्रदेश सरकारसँग समपूरक र विशेष अनुदानको लागि प्रस्ताव गरिनेछ।

१४. परम्परागत दाहसंस्कार विधिलाई सरल, सहज र सुविधाजनक बनाई वन जंगलको संरक्षण र वातावरणमैत्री बनाउन व्यवस्थित शवदाह गृह को स्थापनाको लागि संघीय सरकार ,प्रदेश सरकार र निजीक्षेत्रसँग पहल गरिनेछ।

१५.नगर भित्र साना तथा मझौला उद्योगहरु व्यवस्थित रुपमा संचालन गर्न साना तथा मझौला उद्योग ग्राम स्थापना गरिनेछ | यो आ.व.मा उद्योग ग्रामको लागि चाहिने उपयुक्त जग्गाको खोजि गरि पुर्व सम्भाव्यता अध्यनको कार्य अगाडी बढाइनेछ |

१६.नगर भित्रका जेहेन्दार विधार्थीहरुलाई प्राथमिकता दिने गरि मित्रराष्ट्रहरुसंगको समझदारीमा वार्षिक ३० जना विधिर्थीहरुलाई उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्तिको लागि मित्रराष्ट्रहरुसंग सम्झौता गरी प्रस्ताव अगाडी बढाइनेछ | यसबाट नगर र देशकै लागि दक्ष जनशक्ति उत्पादन गर्न मद्दत पुग्ने विश्वास लिएका छौँ |

उपस्थित महानुभावहरु ,

अब म आगामी आर्थिक वर्षको लागि प्रस्तावित विषय क्षेत्रगत नीतिहरु तर्फ प्रवेश गर्न चाहन्छु |

(क) पूर्वाधार विकास तर्फ :

१७.सडकहरुको निर्माण, विस्तार तथा मर्मत हुँदै जाने तर पुल / कल्भर्टहरु क्रमश : साँघुरा र जिर्ण हुँदै गएको तथ्यलाई ध्यानमा राखी नगरपालिका क्षेत्रमा आर. सि. सि. बक्स सहितका कल्भर्टहरु निर्माण गर्ने नीतिलाई उच्च् प्राथमिकतामा राखिने छ |

१८.नगराईनलाई सुविधा सम्पन्न नमुना नगर(Village Town) बनाउन आगामी आ. व. भित्र नगर विकास गुरुयोजना (Village Town Development Master Plan) तर्जुमा गरिने छ |

१९.नगरको ट्राफिक व्यवस्थापनलाई प्रभाकारी गराउन अत्याधुनिक संयन्त्र (Intelligence Equipment) जडानको लागि निजी क्षेत्रको साझेदारी र सहयोगमा कार्यक्रम अगाडि बढाइनेछ |

२०.नगरका मुख्य बजार क्षेत्रका सवारी पार्किङलाई व्यवस्थित गरिनेछ | साथै शहरी सैन्दर्य कायम गर्न एवं पैदल यात्रीको सहज आवागमनलाई सुनिश्चित गर्न सडक पेटीमा व्यवसाय गर्ने परिपाटीलाई निषेध गर्ने नीति अबलम्बन गरिने छ |

२१.विभिन्न सभा, सम्मेलन संचालन गर्न र पर्यटकलाई आकर्षण गर्न नगरपालिका भित्र नगरको आफ्नै अत्याधुनिक सुविधा सम्पन्न सभाहल (city Hall ) निर्माणको लागि जग्गाको खोजि गरि सभा हल निर्माणको लागि शहरी विकास मन्त्रालयबाट बजेट बिनियोजनको लागि प्रक्रिया अगाडि बढाइने छ |

२२.खेलकुदको विकास र विस्तार गर्न एक वडामा कम्तीमा एक खेल मैदान हुने गरि खेल पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखी निजी क्षेत्र सहितको सहभागितामा खेल मैदान तथा बाल उधान जस्ता संरचनाको स्थापना तथा मर्मतको कार्यलाई अगाडी |

२३.जथाभावी जमिनको खण्डीकरण गरी प्लटिङबाट हुने गरेको अव्यवस्थित बसोवासलाई नियमन गर्न भू-उपयोग नीति तयार गरी कार्यान्यनमा ल्याइने छ | स्वीकृति विना गरिने प्लाटिङलाई नियन्त्रण गरी विजुली, पानी तथा अन्य आधारभुत सुविधा र सिफारिस नहुने गरी नियमन गरिनेछ |

२४.नगरभित्र बन्ने नयाँ घरहरुलाई व्यबस्थित गर्न घर निर्माण सम्बन्धि मापदण्ड निर्माण गरि यहि आ.व. देखि कार्यान्वियनमा ल्याइने छ |

२५.नगरभित्रका सम्पूर्ण बाटोहरुको नामाकरण गरी वैज्ञानिक घर नम्वर वितरण गर्ने कार्यको आरम्भ गरिनेछ |

(ख) आर्थिक विकासतर्फ :

कृषि तथा सहकारी :

२६.कृषितथा पशुपंक्षीजन्य उत्पादनमा व्यवसायीकरण,विविधिकरण,बजारीकरण र आधुनिकीकरण गर्दै खाद्य सुरक्षाको स्थिति मजबुत बनाई थप रोजगारीका अवसरहरु सिर्जना गरिने छ | नगरलाई कृषि तथा पसुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाउन जोड दिइने छ |

६०. आन्तरिक श्रोतको परिचालनबाट नगरको वित्तीय सबलिकरण र आर्थिक स्थायित्व कायम गरिनुका साथै नगरको वित्तीय पक्षलाई समग्र आर्थिक को मूल आधार बनाइनेछ |

६१. राजश्व सुधार कार्ययोजना निर्माण गरि सो को प्रभावकारी कार्यान्वयन गर्दै लगिनेछ ।

**आदरणीय महानुभावहरु,**

६२. लोकतान्त्रिक विधिबाट तर्जुमा गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न सहकार्य,साझेदारी तथा रचनात्मक सहयोगको अपरिहार्यता छ | अत : यस अवसरमा सम्बृद्ध नगराईन नगर निर्माणको महान अभियानमा सहकार्यको लागि सम्पूर्ण सरकारी निकायहरु,निजी क्षेत्र,विकास साझेदार,अन्तर्राष्ट्रिय संघ संस्थाहरु,गैर सरकारी संघ संस्थाहरु,टोल विकास संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै सभाबाट हार्दिक अनुरोध गर्न चाहन्छु |

६३. अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनु हुने विषय विज्ञ महानुभावहरु,राजनीतिक दल,नागरिक समाज,सुरक्षाकर्मी,बुध्दिजिवी,निजी क्षेत्र, विषयगत समितिका संयोजक एवं कार्यपालिका सदस्यज्यूहरु,नगर सभा सदस्यज्यूहरु,नगरवासी दाजुभाई तथा दिदीबहिनीहरु,नगरका हरेक गतिविधिको सत्य तथ्य सुचना प्रवाह गरी सहयोग गर्ने संचारकर्मी मित्रहरु एवं राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु |

धन्यवाद !

नगर प्रमुख

# नगराईन नगरपालिकाको

तेस्रो नगर सभाको बैठकमा २०७६ साल आषढ १० गते मंगलवार उप-प्रमुख रंजु कुमारी साहज्युले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य

## नगर कार्यपालिकाको कार्यालय

नगराईन नगरपालिका

धनुषा ,जनकपुर

**माननीय नगरप्रमुख ज्यु,**

**नगर सभाका माननीय सदस्यज्युहरु ।**

१. नगराईन नगरपालिकाका जनताका प्रतिनिधिमुलक यस सभामा अगामी आर्थिक वर्ष २०७६/७७ को बजेट प्रस्ततु गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ । तेस्रो पूर्ण अबधिको बजेट प्रस्तुत गरिरहदा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि नेपाली जनताले गरेका जनआन्दोलन, सशस्त्र संघर्ष, पटक पटकको मधेश आन्दोलनको गौरवपूर्ण इतिहासप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु । साथै मधेश आन्दोलन लगायत नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा सहादत प्राप्त गरेका सबै शहिद प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

२. आगामी आर्थिक वर्षको बजेटको तर्जुमा गर्दा नेपालको संबिधानमा उल्लेख भएको स्थानीयको एकल तथा साझा अधिकारहरुको सुची, नागरिकको मौलिक हक, राज्यको निर्देशक सिद्धान्त,नीति र दायित्व, दिगो विकासको लक्ष्य, आ.व. ०७६/७७ को नगराईन नगरपालिकाको नीति तथा कार्यक्रम,माननीय नगर सभाका सदस्यज्युहरुले प्रदान गर्नु भएका रचनात्मक सुझावहरु तथा सरोकारवालाहरुवाट प्राप्त राय सुझाव तथा चालु आ.व.को बजेटमा उल्लेख भएका महत्वपूर्ण कार्यक्रमलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमाको प्रमुख मार्गदर्शनको रुपमा लिएको छु ।

३. सुशासन, दिगो शान्ति, विकास र समवृद्धि प्रति जनताको तिव्र आकांक्षा र उपलब्ध सिमित स्रोत र साधनको कुशलता पुर्बक परिचालन गरि वान्छित नतिजा हासिल गर्ने कार्य चुनौतीपूर्ण भए पनि आवश्यक संस्थागत र व्यवस्थापकीय प्रबन्ध गर्दै यो सरकार अघि बढिरहेको व्यहोरा सबैमा अनुरोध गर्न चाहन्छु ।

<u>सरकारको चुनौती :</u>

- **यो सरकारको सामु मुख्यरुपमा निम्न चुनौतीहरु दिखिएका छन् :**
  - ✓ आम जनतामा संघीयताको मर्म अनुरुप आर्थिक, सामाजिक एवम् राजनैतिक रुपान्तरण सहितको विकासको अनुभूति दिलाउने कार्य मुख्य चुनौतीको रुपमा रहेको छ,
  - ✓ पुँजीगत खर्च गर्ने क्षमतामा अभिबृद्धि गरि आर्थिक वृद्धि तथा विकास मार्फत समृद्ध नगर निर्माण गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ,
  - ✓ उपलब्ध सिमित स्रोत साधनको कुशल व्यवस्थापन गरि अधिकतम प्रतिफल हासिल गर्न, नगरको आन्तरिक आय वृद्धि गर्न, विकास आयोजनाहरुको कुशलतापुर्वक कार्यान्वयन गर्ने, सार्वजनिक खर्चमा वित्तीय अनुशासन मार्फत समग्र शासन व्यबस्था सुशासन कायम राख्दै सरकार प्रतिको जनविश्वासलाई अझ मजवुत बनाउनु हामी सबैको साझा दायित्व रहेको छ ।

माननीय सदस्यज्युहरु,

**४. अब म आगामी आर्थिक वर्ष २०७६/ ७७ को बजेटको उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- ✓ कृषि तथा गैर कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरि नगरका जनताहरुको आय आर्जन र जीवनस्तरमा सुधार ल्याउने छ ,
- ✓ सबल, सक्षम एवम् प्रविधिमैत्री दक्ष जनशक्तिको विकास गरिनेछ ,

- ✓ नगरमा लगानीमैत्री वतावारंको सृजना गरिनेछ ,
- ✓ आर्थिक क्रियाकलापमा तिव्रता ल्याउन भौतिक पुर्वाधारको विकास गरिनेछ ।
- ✓ नगरका जनताहरुलाई सुशासनको प्रत्याभूति गराउन तदारुकता साथ काम गरिनेछ ।

५. **बजेटका उल्लेखित उदेश्यहरु प्राप्त गर्न निम्न प्राथमिकतानिर्धारण गरेको छु :**

- ✓ कृषि क्षेत्रको विकासको लागि परम्परागत कृषि प्रणालीको अन्त्य गर्दै आधुनिक एवम् व्यवसायिक कृषि प्रणालीको अबलम्बन गरिनेछ ।
- ✓ सरसफाई र स्वच्छता एवम् महिला शिक्षा र सशक्तीकरणको अभियानलाई निरन्तरता दिईनेछ ।
- ✓ स्वस्थ्य,सक्षम र उत्पादनशील जनशक्ति तयार गर्न गुणस्तरीय एवम व्यवसायिक शिक्षामा जोड दिईनेछ ।
- ✓ सामाजिक, संस्कृतिक, धार्मिक एवम् ऐतिहासिक पर्यटकीय गन्तव्यको पहिचान र विकास तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्धन गरिनेछ ।
- ✓ संघीय सरकार र प्रदेश सरकारको साझेदारीमा संचालन हुने पूर्वाधार विकास र सेवा प्रवाहसंग सम्बन्धित कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- ✓ नगर गौरवका आयोजना पहिचान गरि यस क्षेत्रमा लगानी बढाईनेछ ।
- ✓ स्वच्छ खानेपानी र सरसफाईको सुबिधा उपलब्ध गराउने कार्यलाई प्राथमिकता दिइनेछ ।

**आदरणीय नगरप्रमुखज्यु,**

**नगर सभाका सदस्यज्युहरु,**

अब म नगराईन नगरपालिकाको चालु आर्थिक वर्ष २०७५/७६ मा गरिएको आय-व्ययको संक्षिप्त समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६. आ.व. ०७५/७६ को लागि कुल अनुमानित व्यय ३५ करोड ३२ लाख ५१ हजार ५ सय रकम अनुमान गरिएको थियो । अनुमानित आन्तरिक आय रु १ करोड मध्ये २०७६ ज्येष्ठ मसान्तसम्म रु १६ लाख मात्र आम्दानी भएको छ । जसले गर्दा विकास बजेटमा विनियोजित अनुमानित रकम काम हुने भएकोले आन्तरिक आम्दानी वृद्धि गरि खर्चमा मितव्ययिता कायम राखी विकास योजनामा विनियोजित रकम सुनिश्चित गर्ने चुनौती रहेको छ ।

७. व्यय तर्फ चालु आ.व. मा वित्तीय समानीकरणमा प्राप्त ११ करोड २४ लाख रकममा चालु आ.ब.को असार मसान्त सम्ममा ९ करोड ४१ लाख अर्थात ९१.१५ प्रतिशत, सशर्त अनुदानमा प्राप्त १० करोड ६७ लाखमा चालु आ.ब.को असार मसान्त सम्ममा रु ७ करोड ५३ लाख ७ हजार अर्थात ६७.५३ प्रतिशत खर्च हुने अनुमान गरिएको छ । चालु आ.व.को लागि विनियोजित कुल व्ययको ८३ प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

**अब म नगरको आ.ब.२०७६/७७ को विषयगत क्षेत्र तथा कुल आय र व्ययको अनुमानित विनियोजन सम्बन्धि विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

८. आ.व. २०७६/७७ को कुल आय रु ४८ करोड ६३ हजार अनुमान गरिएको छ । आ.व. २०७६/७७ को कुल व्यय रु ४८करोड ६३ हजार विनियोजन गरिएको छ । व्यय अनुमान गरेको मध्ये रु ५ करोड २५ लाख सामाजिक सुरक्षा र रु १२ करोड १लाख मात्र केन्द्रिय तथा प्रदेश सरकारको सशर्त अनुदानको रकम रहेको छ अर्थात कुल बजेटको ३५.९५ प्रतिशत अंश यस क्षेत्रको रहेको छ ।

**अब म क्षेत्रगत कार्यक्रम र बिनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

९. आर्थिक विकास :- नगरको कृषि तथा सहकारी, पर्यटन, पशु र उद्योग क्षेत्रको विकास मार्फत आर्थिक विकास गरि समृद्ध नगर बनाई राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान दिन यस क्षेत्रमा रु १ करोड २५ लाख बिनियोजन गरिएको छ |

१०. पूर्वाधार तथा शहरी विकाश:- यस नगरको पहिचान दिन र दीगो विकासलाई सुनिश्चित गर्न यस आ.व. देखि नगरमा गौरबका योजनाहरु छनौट गरिएको छ | साथै केन्द्रीय समपुरक अनुदान माग गर्न समपुरक तथा साझेदारी कोष समेत खडा गरिएको छ | यस क्षेत्रको लागि रु ११ करोड ८ लाख ७७ हजार विनियोजित गरिएको छ | साथै वडास्तरीय कार्यक्रममा चालु पुँजीगत गरि रु ४ करोड ९७ लाख ८९ विनयोजित गरिएको छ |

११. वतावरण तथा विपद व्यवस्थापन : - प्रकृतिक सौन्दर्यता र स्वच्छ वातावरण प्रवर्धन गर्न सरसफाई, पार्क निर्माण, फोहरमैला व्यवस्थापन लगायतका क्षेत्रमा रु ७० लाख विनयोजिन गरिएको छ |

१२. संस्थागत विकास तथा सेवा प्रवाह :- उच्च मनोवलयुक्त उत्प्रेरित र दक्ष जनशक्तिबाट प्रभावकारी सेवा प्रवाहका लागि कर्मचारी क्षमता अभिबृदी गर्न, नगरको संगठन र संस्थागत विकास गरी सुद्धढ प्रशासन कायम गर्न यस क्षेत्रमा १९ लाख र कार्यालयको प्रशासनिक तथा उपभोग खर्चमा रु ५ करोड ७ लाख ८९ हजार विनियोजन गरिएको छ |

१३. सामाजिक विकाश :- शिक्षा, स्वास्थ्य, बालबालिका, दलित र अपांगता भएका व्यक्तिहरुको हित लगायतका सामाजिक क्षेत्रमा पछाडि परेका जातजातिको विकास तथा सवलिकरण गर्ने गरी यस क्षेत्रमा रु. २ करोड ५० लाख विनयोजन गरिएको छ |

१४. वित्तीय व्यवस्थापन तथा सुशासन :- वित्तीय व्यवस्थापनलाई चुस्त र दरुस्त बनाउन, लेखा प्रणालीलाई सुदृढीकरण गर्न करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउन, कार्मचारिको क्षमता अभिबृदी गर्न तथा वित्तीय व्यवस्थापनलाई सुंचना प्रविधिमैत्री बनाई सुशासन कायम राखन यस क्षेत्रमा रु ३१ लाख विनियोजन गरिएको छ |

१५. चालु आर्थिक वर्षको हालसम्मको आय व्ययको यथार्थ विवरण ( नगरपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट भएका आयोजनागत विनियोजन समेत), आय व्ययको संशोधित अनुमान, आगामी आर्थिक बर्षको विषय क्षेत्रगत, शिर्षकगत आयोजनागत बजेटको अनुमानित विवरण सभामा छलफल र पारितको लगि पेश गरेको छु | यी सबै विवरण समेटिएको बार्षिक योजना पुस्तिका मार्फत छिट्टै सार्वजनिक गरिनेछ |

१६. आर्थिक ऐन र विनियोजन ऐनका विधयेकहरु यसैसाथ अनुमोदनका लागि पेश गरिएको छ ।

१७. अन्तमा,

प्रस्तुत आ.व. २०७५/०७६ को बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनु हुने नगर प्रमुखज्यु, कार्यपालिका सदस्यज्युहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्युहरु, निजि क्षेत्र लगायत नगरबासी दाजुभाई तथा दिदीबहिनीहरु एवंम् अहोरात्र खटिने राष्ट्रियसेवक कार्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु |

**रन्जु कुमारी साह**
**उपप्रमुख**

# नगराईन नगरपालिकाको आ.व. २०७६/०७७ को

# क्षेत्रगत नितिहरु

(क) आर्थिक विकास सम्बन्धि नीतिहरु :

कृषि तथा पशुपंक्षीजन्य उत्पादन

- नगरलाई कृषि तथा पशुपंक्षी जन्य उत्पदान्मा आत्मनिर्भर बनाउन जोड दिइनेछ ।
- कृषि क्षेत्रलाई प्रतिस्पर्धी र उत्पादनमुखी बनाउन सिंचाई, कृषि सडक, ग्रामिण विधुतीकरण, हाट बजार, थोक बजार, कृषि उपज संकलन केन्द्र, प्रशोधन केन्द्र, पशु बधशाला जस्ता पूर्वाधारहरुको निर्माण तथा सम्वर्धन गर्ने निति लिइने छ ।
- उर्वर कृषियोग्य जमिनलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिने छ ।
- कृषक पाठशालाको अवधराणालाई अगाडि बढाउने नीति अवलम्वन गरिनेछ ।
- तरकारी, फलफुल तथा दुध उत्पादनको आधारमा अनुदान दिने नीति लिइनेछ ।
- "एक वडा एक उत्पादन" कार्यलाई प्रोत्साहन गरिनेछ ।
- कृषि तथा पशुपंक्षीजन्य उत्पादन र वितरणमा गुणस्तरीय कायम गर्न नियमित रुपमा अनुगमन गर्ने नीति लिइने छ ।
- सम्भाव्यता अध्ययन गरी बीउ बैक (Seed Bank) स्थापना गर्ने नीति लिइने छ ।
- पशुपालनलाई ब्यवसायिक बनाउन नतिजामा आधारीत अनुदानको व्यवस्था गरिनेछ ।
- पशुपंक्षी सम्वन्धी जनचेतनामुलुक कार्यलाई बढावा दिनुको साथै नियमित अनुगमन तथा निरीक्षण गरिनेछ ।
- एकीकृत कृषि विकासका योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

उधोग तथा वाणिज्य

- औधोगिक विकासका लागि उधोग दर्तादेखि बन्दसम्मको प्रक्रियालाई सरलीकरण गर्ने ।
- घरेलु उधोगलाई आवश्यक कच्चा पदार्थ आपूर्ति सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्ने नीति लिइनेछ ।
- लघु उधम विकास कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- घरेलु उधोग, निकासिमुलुक उधोग, स्थानीय कच्चा पदार्थमा आधारित उधोगहरुको स्थापना गर्न थप प्रोत्साहनका कार्यक्रम ल्याइनेछ।
- लघु उधमलाई प्रभवकारी बनाउन लक्षित वर्ग पहिचान गरी समुहगत कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- "उधोग मैत्री समाज र समाजिक मैत्री उधोग" स्थापना गर्ने नीति लिइनेछ।

पर्यटन क्षेत्र :

- नगरपालिका क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण गरिनेछ ।
- नगरपालिकाभित्र प्रमुख पर्यटकीय स्थल पहिचान गरी सो स्थानमा पूर्वाधार विकास गरिनेछ ।
- पर्यटन प्रवर्द्धनको लागि साँस्कृतिक मेला, महोत्सव आयोजना गरिनेछ ।
- धार्मिक पार्क, फनपार्क, पिकनिक पार्क, पर्यटक विश्राम स्थल, शौचालय, प्रवेशद्वार जस्ता पर्यटकीय सौन्दर्यकरणको निर्माणका लागि प्राथमिकताको आधारमा क्रमश: कार्य गर्दै जाने नीति लिइनेछ।
- सरसफाई र प्रकृतिक वातावरण कायम रहने कार्यक्रम संचालन गरिनेछ ।

सहकारी क्षेत्र

- कृषिमा आधारित सहकारी दर्ता कार्यलाई प्रोत्साहित गरिनेछ ।
- सहकारी संघ संस्थाहरुको सुदृढीकरण र विकाशको लागि नियमित अनुगमन र सुपरिवेक्षण गरिनेछ ।
- सहकारी विकास तथा प्रवर्द्धधनको लागि श्रोत सामाग्रीहरुको निर्माण एवम् प्रचार प्रसार गर्ने नीति लिइनेछ ।
- सहकारीलाई उत्पादन तथा रोजगारी सँग जोडी नागरिकको जीवनस्तरमा सुधार ल्याइनेछ ।
- बचत तथा ऋण सहकारी संस्थालाई अनिवार्य रुपमा आफनो पुँजीको २०% रकम उत्पादनमुलुक क्षेत्रमा लगानी गर्ने नीति अवलम्वन गरिनेछ ।
- सहकारी मार्फत सुपथ मुल्यको पसल स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- अनियन्त्रित सहकारीलाई एकीकृत र व्यवस्थित गर्नुको साथै सक्षम र सुदृड सहकारी स्थापनालाई प्रोत्साहित गरिनेछ ।
- नगरपालिकाभित्र संचालन भएका सहकारीको लगत राखी प्रत्येक वर्ष अधावधिक गर्दै जाने नीति लिइनेछ।
- एक सहकारी एक सदस्य कायम गर्ने नीतिलाई आत्मसात् गरिनेछ।

वितिय क्षेत्र

- किसन तथा लघुउधमी लाई सरल र सहज कृषि कर्जा उपलव्ध गराउन बैंकहरुसँग समन्वय र सहजीकरण गरिनेछ ।

(ख) सामाजिक विकास सम्वन्धी नीतिहरु :

- आवश्यकता अनुसार नयाँ विधालय खोल्ने, गाभ्ने, कक्षा घटाउने र संचालन गर्ने सम्वन्धमा आवश्यक नीति, नियम एंव कार्यविधि बनाई विधालय शिक्षालाई व्यवस्थित गर्दै गुणस्तरीय शिक्षमा सबको पहुँच अभिबृदी गर्दै लगिनेछ ।
- संस्थागत विधालयको अनुमति, नियम र अनुगमन तथा मुल्यांकन प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- नगरपालिका सबै बालबालिकालाई आधारभूत तह नि:शुल्क र अनिवार्य तथा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा उपलब्ध गराई सक्षम नगरपालिका बनाउने नीति अवलम्बन्त गरिएकोछ ।
- विपन्न तथा आय भएका अभिभावकका बालबच्चाहरुलाई विधालय पठाउनका लागि पोशाक, खाजा र पाठयसामाग्रीको व्यवस्था गर्ने । समयानुकुल सामुदायिक विधालयको स्तर बृद्ध गर्दै लगिनेछ ।
- आवश्यक अनुसार नगरपालिकाभित्र प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रम लागु गर्न सामुदायिक विधालयहरुमा व्यवसायिक र प्रविधिक धार तर्फको कक्षा संचालन गर्न आवश्यक पहल गरिनुका साथै विपन्न, अल्पसंख्यक सिमान्तकृत समुदायका बालबलिकालाई उच्च शिक्षामा पहुँच वढाउन नगरपालिका छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- अनिवार्य तथा निशुल्क शिक्षा छाड्ने र दोहोर्याउने दर न्यून गर्न विधार्थी भर्ना अभियान र विधालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ । साथै सरकारी, राष्ट्रीय तथा अन्तरास्ट्रिय गैर सरकारी सँस्थाको सहयोग, समन्वय र सहकार्यमा औपचारिक शिक्षाबाट बन्चित बालबालिकाहरु लगायत अन्यका लागि अनौपचारिक शिक्षा कक्षा संचालन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र सबै बाल विकास केन्द्रहरु तथा निजी मन्टेसरी कक्षाहरुको अनुमति, नियमन र अनुगमन गर्ने र हरेक सामुदायिक विधालय प्रारम्भिक बाल विकास केन्द्रको रुपमा पुर्व प्राथमिक कक्षा संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- प्रत्येक २ बर्षमा सबै तहका विधालयमा हाल कार्यरत प्रधानाध्यापकहरुसँग विधालय विकास प्रस्ताव लिई सोहि प्रस्तावका आधारमा नगरपालिकाबाट कार्यसम्पादन करार गर्ने नीति लिएको छ ।
- विधालयमा कार्यरत शिक्षक र कार्मचारीहरुको अपरिहार्यतालाई मध्यनजर गरी प्रारम्भिक सर्वेक्षण गर्ने र आवश्यकता भन्दा बढी भएका शिक्षक र कार्मचारीको हकमा कार्यविधि बनाई दरबन्दी मिलान गरिनेछ ।
- विधालय, शिक्षक र कक्षाकोठाहरुमा बढीभन्दा बढी सुचना तथा संचार प्रविधिको प्रयोगमा जोड दिदै प्रविधि प्रयोगको माध्यमबाट विधार्थीहरुको सिकाई उपलव्धि सुधार र गुणस्तरीय शिक्षाको सुनिश्चितता सहित विधालय शिक्षालाई प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

स्वास्थ क्षेत्र :

- पूर्ण खोप घोषणालाई दिगोपन तथा सुनिस्चितता गरिनेछ ।
- सबैको पहुँचमा सर्वसुलभ तवरले स्वास्थ्य सेवा उपलव्ध गराउन सबै वडामा स्वास्थ्य संस्था स्थापना तथा स्तोरोन्नती र व्यवस्थापन प्रभावकारी गरिनेछ ।

- नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुबाट निस्कने चिकित्साजन्य फोहरमैलाको उचित बिसर्जन एवं व्यवस्थापन गरिनेछ ।
- नगरका सरकारी स्वास्थ्य संस्थाहरुको नियमन र अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

बालबालिका क्षेत्र :

- "हाम्रा बालबालिका हाम्रो भविष्य" भन्ने मुल्य र मान्यतालाई आत्मसात गर्दै बालमैत्री स्थानीय शासन पद्धति अवलम्वन गर्ने नीतिलाई निरन्तरता दिई नगरपालिका बालमैत्री नगर घोषणा गरिनेछ ।
- बालबालिका विरुद्ध हुने सबै प्रकारका शोषण, हिंसा, दुर्व्यवहार, बेचबिखन, यातना, अपहरण, भेदभाव र बालश्रमको निषेध गरिने नीतिलाई निरन्तरता दिइनेछ । बाल अधिकारको सम्मान गर्दै हित र संरक्षणका कार्यक्रमहरुलाई थप प्रभाव्कारिता साथ संचालन गरिनेछ ।
- यस नगरपालिकालाई बालमैत्री नगर घोषणाका लागि आवश्यक सूचकहरु पुरा गर्न युनिसेफ लगायतका स्थानीय राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरुको सहयोग, समन्वय र साझेदारिमा कार्यक्रमहरु संचालन गरिने छ । साथै बालमैत्री नगर घोषणाका लागि आवश्यक सूचकहरु पुरा गर्न बालकोषबाट कार्यविधि बमोजिम कार्यक्रमहरु संचालन गरिने नीति लिएको छ ।
- "एक वडा एक बाल खेल मैदान"(बाल उधान) को अवधारणाको नीति लिएको छ ।

महिला विकास क्षेत्र :

- आर्थिक,सामाजिक,शैक्षिक तथा सांस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा नीति योजना तर्जुमा देखि कार्यन्वयन स्तर सम्म समावेशी अवधारणा अनुरुप महिलाहरुको नेतृत्व र अर्थपूर्ण सहभागिता गराउन प्रोत्साहन गरिनेछ । महिलाहरुलाई आर्थिक रुपमा सबल बनाउन क्षमता र सिपको विकास गरि रोजगार र स्वरोजगारमुलक आय आर्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिला हिंसा,शोषण,बेचबिखन,विभेद तथा दुर्यव्यभारलाई शुन्य शाहनशिलताको नीति अवलम्बन गरिनेछ । यसका विरुद्ध विकास साझेदारहरुको सहयोग र समन्वयमा सचेनात्मक,प्रतिरोधात्मक र उपचारात्मक विभिन्न प्रकारका कार्यक्रमहरु संचालन गर्दै लगिनेछ ।
- दलित,आदिवासी,जनजाती,मधेशी,मुस्लिम,जेष्ठ, फरक क्षमता भएका तथा अल्पसंख्यक,सिमान्तकृत र पिछडा वर्ग आदिको आर्थिक,सामाजिक,शैक्षिक,संस्कति र परम्पराको विकास,संरक्षण तथा प्रवर्धन गरिनेछ ।

युवा क्षेत्र:

- "युवा परिचालन समृद्ध नगरको आधार" भन्ने मूल मर्मका साथ युवा वर्गलाई स्वदेशमा टिकाई विकासको मूलधारमा ल्याउन सरकारी तथा गैर सरकारी संस्थाहरुको समन्वयमा युवा लक्षित व्यवसायिकतथा जीवन उपयोगी सिपमुलक तालिम संचालन गरि रोजगारका अवसरहरु सृजना र असल नागरिक बनाउनं प्रेरित गर्ने नीति लिईएको छ |

खेलकुद तथा मनोरंजन क्षेत्र :

- नगर स्तरीय खेलकुद कार्यक्रमलाई आवश्यक प्रवर्धन र प्रोत्साहन गरिने नीति लिईएको छ | प्रत्येक वर्ष मेयर कप रनिंग क्रिकेट संचालन गरिनेछ |साथै अन्य खेलकुदका अतिरिक्तक्रियाकलापहरुलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ |
- स्वास्थ्यका लागि मनोरंजन भन्ने तथ्यलाई मनन गर्दै निजि क्षेत्रको साझेदारीमा नगर भित्र विविध किसिमका मनोरन्जन स्थान विकासका लागि आवश्यक प्रोत्साहन गरिनेछ |
- खेलको विकासको लागि आवश्यक पूर्वाधार विकासका लागि प्राथमिकता दिईनेछ |

गैर सरकारी संघ संस्था,सामाजिक परिचालन तथा गरिवी न्यूनीकरण क्षेत्र :

- रास्ट्रिय तथा अन्तरास्ट्रिय गैर सरकारी संघ संस्थाहरु नगरपालिकाको विकास सहयोगी तथा साझेदार संस्थाको रुपमा स्थापित गरिनेछ | गैरसरकारी संघ संस्थाहरुको समन्वय,अनुगमन,नियमन र प्रोत्साहन गरिनेछ |
- टोल विकास संस्था,महिला समुह,आमा समुह लगायत समुदायमा आधारित संघ संस्थाहरुको गठन र परिचालन गरिनेछ | यसका लागि उक्त संस्थाहरुको संस्थागत क्षमता विकास गरी नगरको विकासमा परिचालन गर्ने कार्यलाई जोड दिईनेछ |
- गरिवी न्यूनीकरणका लागि स्वरोजगार सृजना गर्ने,उद्यमशिलताको खोजी तथा प्रवर्धन गर्ने एवं विभिन्न सिपमुलक तथा सिपमुलक तथा क्षमता अभिवृधि हुने क्रियाकलापद्वारा रोजगारी सृजना गरि जीविकोपार्जन कार्यक्रमहरुलाई प्रोत्साहन गरिनेछ |

(ग) पूर्वाधार विकास समबन्धि नीतिहरु :

- पूर्वाधार सम्बन्धि आयोजनाहरुको गुणस्तर वृद्धिको लागि नगरका प्राविधिक जनशक्तिहरुको क्षमता विकास गरिनेछ |
- नगरमा संचालन हुने आयोजनाहरुको व्यवस्थित अभिलेख राखन Software को प्रगोग गरिनेछ |
- वडा स्तरीय योजनाहरु र रु.दश लाख भन्दा कम विनियोजन भएका नगर स्तरीय आयोजनाहरु वडाबाटै कार्यन्वयन गरिनेछ |

- सडकहरुको निर्माण,विस्तार तथा मर्मत हुँदै जाने तर पुलहरू क्रमश: साँघुरा हुँदै गएको,जीर्ण हुँदै गएको तथ्यलाई ध्यानमा राखी यसै आर्थिक वर्षवाट नगरपालिका क्षेत्रमा वार्षिक रुपमा आर.सि.सि. वक्स सहितका कल्भर्टहरु निर्माण गर्ने नीति कार्यान्वियन गरिनेछ |
- योजनावद्ध विकासको मार्गमा नगराईन डोर्याउने क्रममा वृहत नगर विकास गुरु योजना(Village Town Development Master Plan) तर्जुमा गरिनेछ |
- गत आ.व.मा संचालनमा रहेका क्रमागत योजनाहरुलाई प्राथमिकतामै राखी संम्पन्न गरिनेछ |
- नगरको ट्राफिक व्यवस्थापन कामलाई प्रभावकारी गराउन (Intelligence equipment) जडानको लागि निजि क्षेत्र समन्वय कार्यक्रम अगाडी बढाईनेछ |
- पार्किंग व्यवस्थित गर्न जग्गा भाडामा लिई पार्किंगको व्यवस्था मिलाईनेछ | जसबाट पैदल यात्रीहरु र यातायातका साधनहरु निर्वाध रुपमा सजिलै यात्रा गर्न सक्नेछन् |
- नगरको सबै प्रवेशद्वारमा नगरको पहिचान झल्कने कलात्मक स्वागतद्वार निजि क्षेत्र सहितको सहभागितामा तत्काल निर्माण गरिनेछ |
- विभिन्न सभा सम्मेलन संचालन गर्न र सम्मेलन पर्यटनलाई आकर्षण गर्न नगरको उपयुक्त जग्गामा City Hall निर्माणको लागि सहजीकरण गरिनेछ |
- खेलकुदको विकास र विस्तार गर्न एक वडामा कम्तिमा एक खेल मैदान हुने गरि खेल पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखी निजि क्षेत्र सहितको सहभागितामा खेल मैदान तथा बाल उद्यान जस्ता कामको स्थापना,मर्मत र निर्माण कार्यलाई निरन्तरता दिईनेछ |
- परम्परागत दाहसंस्कार विधिलाई सरल,सहज,सुविधाजनक बनाई बन जंगलको संरक्षण र वातावरण मैत्री बनाउन व्यवस्थित दाहसंस्कार गृहको स्थापनाको लागि निजि क्षेत्र र संघीय सरकार सँग पहल गरिनेछ |
- जथाभावी जमिनको खण्डिकरण गरि प्लटिंगबाट हुने गरेको अव्यवस्थित वसोवासलाई नियमन गर्न भूउपयोग नीति तयार गरि कार्यन्वयनमा लगिनेछ |
- नगर भित्रका सम्पूर्ण बाटोहरुको नामकरण गरि वैज्ञानिक घर नंम्बर वितरण गर्ने कार्यको आरम्भ गरिनेछ |
- मर्मत सम्भार कोषमा संकलित रकमबाट नगर कार्यपालिकाको निर्णयवाट पुर्व निर्मित संरचनाहरुको मर्मत सम्भार गरि थप क्षति हुन बाट जोगाईनेछ |
- निजि क्षेत्र तथा टोल विकास समितिको सहकार्यमा विद्युत सडक वत्ती तथा सौर्य सडक वत्तिको व्यवस्थापन गरिनेछ |
- सिंचाई ,जल उतपन्न प्रकोप व्यवस्थापन र नियमन सम्बन्धि नीति,कानुन मापदण्ड निर्धारण र नियमन गर्न,संघ र प्रदेशसँग समन्वय गरिनेछ |
- नगरबाट संचालन हुने आयोजनाहरुको संचालन प्रक्रियालाई प्रभावकारी रुपमा लैजान योजना तथा प्राविधिक शाखाबाट अनुगमन गरि मासिक रुपमा प्रगति प्रतिवेदन पेश गरिनेछ |

(घ) वातावरण तथा विपद् व्यवस्थापनसँगसम्बन्धित नीतिहरु :

- नगराईन नगरपालिकालाई आगामी चार वर्ष भित्र वातावरण मैत्री नगर बनाउने लक्ष्य लिई निम्न नीति अवलम्बन गरिनेछ।
- "क्लिन नगराईन,ग्रीन नगराईन" भन्ने मूल नारालाई आत्मसाथ गर्दै "एक घर दुई विरुवा", "बाटोको दायाँ बायाँ वृक्षारोपण" जस्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- "एक वडा एक उधान" र "एक वडा एक पोखरी" को कार्यक्रमलाई निरन्तरता दिइनेछ र भएका उद्यान र पोखरीहरु संरक्षण गर्दै नगरस्तरीय पोखरी छनौट गरि प्राथमिकताका साथ कार्यान्वियन ल्याईनेछ ।
- नगराईन नगरपालिकाको शहरी क्षेत्रमा रहेका चौक, चौबाटो र बाटोको बिचमा रहेको क्षेत्रलाई हरित क्षेत्रको रुपमा विकास गरि सुन्दर नगराईन बनाउने नीति लिईनेछ।
- भौतिक संरचनाहरुको निर्माण गर्दा प्राकृतिक पानीको बहावलाई असर नपर्ने गरि निर्माण गर्ने नीति लिईनेछ।
- "घर भित्रको फोहर घरमा नै" भन्ने नीतिलाई कार्यन्वयनमा ल्याउन श्रोतमा नै फोहरको वर्गीकरण, न्यूनीकरण र व्यवस्थापन गर्न विभिन्न कार्यक्रमहरु संचालनमा ल्यानेछ।
- "मेरो फोहोर मेरो जिम्मेबारी" भन्ने भावना हरेक नगरवासिमा जागृत गराईनेछ।
- फोहोरमैला व्यवस्थापन कार्यलाई मर्यादित बनाउंदै लगिनेछ।
- विपद जोखिम न्यूनीकरण र विपद् जोखिम व्यवस्थापनका लागि विशेष कार्यक्रमहरु कार्यन्वयनमा ल्याइनेछ।
- अध्ययन र अवलोकनमा आधारित उपायहरुको अवलोकन गरि समग्र नगराईनको वातावरण संरक्षण गर्न योजनाबद्ध कार्यक्रमहरु संचालनमा ल्याइनेछ।
- उदाहरनिय कार्य गर्ने व्यक्ति, संघ संस्था र टोल विकास संस्थाहरुलाई प्रोत्साहन गर्ने नीति रहनेछ।
- नीतिको उचित कार्यन्वयनको लागि नीति अनुसारको कार्यविधि र कार्यक्रमहरु बनाई अगाडी बढाइनेछ।

**(ङ) संस्थागत विकास,सेवा प्रवाह र सुशासन क्षेत्र सँग सम्बन्धित नीतिहरु :**

- नगरपालिकाको कार्यसम्पादनलाई छिटो छरितो पारदर्शी,गुणस्तरीय र प्रविधि मैत्री बनाउदै भ्रष्टाचार विरुद्धको शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ। महिनाको कुनै एक दिनलाई "मेयर संग नगरवासी" कार्यक्रम अन्तर्गत वडागत रुपमा क्रमश : नगरवासहरुसँग सम्बाद र गुनासोको सुनुवाई गर्ने कार्यको थालनी गरिनेछ। निर्वाचित पदाधिकारीहरुको आचारसंहिता तर्जुमा गरि लागु गरिनेछ।
- नगरको समग्र विकासका लागि विभिन्न विषयगत विज्ञहरुको रोष्टर तयार पारिनेछ। साथै विज्ञ परिचालन सम्बन्धि कार्यविधि बनाई प्रयोगमा ल्यानेछ।
- सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरि विद्युतीय शासन (ए-Governance) लाई तिब्रता दिईनेछ। कम्प्युटर प्रविधि तथा इन्टरनेटमा आहारित सेवा (Online service) लाई अझै तीव्रता दिनेछ।

- सेवा प्रहामा उच्चतम प्रविधिको प्रयोग गरि कागजविहिन (Paperless Office) को रुपमा विकास गर्दै लैजाने नीति अवलम्वन गरिनेछ |
- आगामी आ.व. देखि ९ वटै वडा कार्यालयबाट संकलन हुने राजस्वलाई Intranet Computer System बाट नगरपालिकाको केन्द्रित प्रणालीमा आवध गराउने कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ |
- नागरिकको सुचनाको हकलाई उच्च सम्मान गर्दै नगराईन नगरपालिकाका सम्पूर्ण कार्यालयहरु सुचना मैत्री हुनेछन |

वितीय व्यवस्थापन र सुशासन क्षेत्र :

- **"कर बाध्यताले होइन, नगर निर्माणका लागि हो"** भने आम करदातालाई महशुस हुने गरि सेवा प्रवाह गरिनेछ | करको दायरामा करदातालाई करको दायरामा ल्याउन अभियान संचालन गरिनेछ | वार्षिक रुपमा नियमित र अधिकतम कर बुझाउने कर दातालाई सम्मान एवं पुरस्कृत गरिने नीति लिइनेछ |
- आम्दानी र खर्चको प्रक्षेपणअनुमान योग्य बनाउनुका साथै सुचना प्रविधिको प्रयोग गरि वित्तीय व्यवस्थापन समबन्धि अभिलेख हरु व्यवस्थित गरिनेछ |
- आर्थिक कार्य प्रणालीलाई चुस्त र दुरुस्त बनाई वित्तीय सुशान कायम गर्नको लागि आगामी आ.व. देखि सुत्र (SUTRA) software प्रयोगमा ल्याउनुका साथै प्रोदभावी लेखा प्रणालीलाई लागु गर्न पहल गरिनेछ |
- आन्तरिक श्रोतको परिचालन बाट नगरको वित्तीय सवलिकरण र आर्थिक स्थायित्व कायम गरिनुका साथै नगरको वित्तीय पक्षलाई समग्र आर्थिक समृधिको मुल आधार बनाइनेछ |
- स्थानीय सेवा तथा जनशक्तिको क्षमता विकास गर्न तालिम गोष्ठी संचालन गरिनेछ |
- सार्वजनिक सम्पतिको अभिलेख,संरक्षण र सम्वर्धन गरिनेछ |
- राजश्व परामर्श शाखा स्थापना गरि सबलीकरण गरिनेछ |
- सेवा प्रवाहलाई प्रवाहकारी रुपमा प्रवाह गर्न चौमासिक रुपमा सार्वजनिक सुनुवाइको व्यवस्था गरिनेछ |
- राजश्व सुधार कार्य योजना निर्माण गरि कार्यान्वियन गरिनेछ |
- स्रोत,साधन तथा अवसरलाई न्यायोचित वितरण गरि जवाफ देहिता र पारदर्शिता कायम गर्न नागरिक वडापत्र,हेल्पडेस्क,गुनासो सुनुवाई जस्ता पक्षमा प्राथमिकता दिनेछ |
- सुचनामैत्री कार्यक्रमलाई प्राथमिकता दिईनेछ |
- नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा नागरिक वडापत्र राख्र लगाइनेछ |
- सबै वडा कार्यालय हरुमा विद्युतीय हाजिरी हाजिरी मेसिनबाट हाजिर गर्ने व्यवस्था मिलाइनेछ |
- नगरपालीकको विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी बनाउन विविध विधामा सम्मान तथा पुरस्कृत गरिनेछ |
- जन प्रतिनिधिहरुको आचारसंहिता तयार परि जारी गरिनेछ |
- भ्रष्टाचार विरुद्ध खवरदारी गर्ने समुह तयार पारी पारदर्शितालाई आत्मसाथ गरिनेछ |